# पञ्चकन्या गाउँपालिका

# स्थानीय राजपत्र

## पञ्चकन्या गाउँपालिकाद्धारा प्रकाशित

**खण्डः १०) पञ्चकन्या, साउन महिना २२ गते, २०८३ साल (संख्याः ३**

**भाग–२**

घ्याङ्स्वारा अर्गानीक चिया उत्पादन, प्रशोधन, प्याकेजिङ, ब्रान्डिङ, मूल्य निर्धारण, बिक्री तथा वितरण सम्बन्धी कार्यविधि, २०८३

प्रस्तावना

पञ्चकन्या गाउँपालिका स्थानीय कृषि उत्पादन, प्राकृतिक स्रोत, भौगोलिक अवस्था, स्थानीय श्रम, सीप तथा पर्यटनको सम्भावनालाई एकीकृत गर्दै गाउँपालिकाभित्र वडा नं ४ मा रहेको घ्याङस्वारा शहीद स्मारक पर्यटकीय पार्कमा उत्पादित चियालाई मूल्य अभिवृद्धि गरी स्थानीय तथा बाह्य बजारमा प्रवर्द्धन गर्ने उद्देश्यले "घ्याङ्स्वारा अर्गानीक चिया" को उत्पादन, प्रशोधन, प्याकेजिङ, ब्रान्डिङ, मूल्य निर्धारण, बिक्री तथा वितरणलाई व्यवस्थित गर्न आवश्यक भएकोले यो कार्यविधि तयार गरिएको हो।

पञ्चकन्या गाउँपालिकाको घ्याङ्स्वारा सहिद स्मारक पर्यटकीय पार्क तथा आसपासका क्षेत्रमा विकास भइरहेको चिया खेतीलाई पर्यटन, स्थानीय रोजगारी, उद्यमशीलता र स्थानीय अर्थतन्त्रसँग जोड्दै "घ्याङ्स्वारा अर्गानीक चिया" लाई गाउँपालिकाको स्थानीय पहिचानयुक्त उत्पादनका रूपमा विकास गर्ने लक्ष्य यस कार्यविधिले लिएको छ।

गाउँपालिकाले आफैं उत्पादन तथा प्रशोधन गरेको वा गाउँपालिकाको समन्वयमा स्थानीय कृषक/समूहबाट संकलन गरी आवश्यक प्रक्रिया पूरा गरेको चियालाई निर्धारित गुणस्तरअनुसार प्याकेजिङ गरी गाउँपालिकाको स्वीकृत ब्रान्डमा बिक्री तथा वितरण गर्ने व्यवस्था अनुसार स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) अनुसार घ्याङ्स्वारा अर्गानीक चिया उत्पादन, प्रशोधन, प्याकेजिङ,ब्रान्डिङ, मूल्य निर्धारण, बिक्री तथा वितरण सम्बन्धी कार्यविधि, २०८३ तर्जुमा गरि लागु गरिएको छ।

## परिच्छेद–१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ

(१) यस कार्यविधिको नाम "घ्याङ्स्वारा अर्गानीक चिया उत्पादन, प्रशोधन, प्याकेजिङ, ब्रान्डिङ, मूल्य निर्धारण, बिक्री तथा वितरण सम्बन्धी कार्यविधि, २०८३" रहनेछ।

(२) यो कार्यविधि पञ्चकन्या गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

(३) यस कार्यविधिको कार्यान्वयन गाउँपालिकाको सम्बन्धित शाखा, तोकिएको कर्मचारी, समिति वा व्यवस्थापन इकाइमार्फत गरिनेछ।

२. कार्यविधिको आवश्यकता

पञ्चकन्या गाउँपालिकामा उत्पादित चियालाई कच्चा कृषि उत्पादनको रूपमा मात्र बिक्री नगरी स्थानीयस्तरमै प्रशोधन, प्याकेजिङ, ब्रान्डिङ र बिक्री गरी उत्पादनको मूल्य अभिवृद्धि गर्ने उद्देश्यले यो कार्यविधि आवश्यक भएको हो।यसबाट स्थानीय कृषकले उत्पादन गरेको चियाको बजार सुनिश्चित गर्नुका साथै गाउँपालिकाको पर्यटन, रोजगारी, उद्यमशीलता र स्थानीय अर्थतन्त्रमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

**३. उद्देश्य**

यस कार्यविधिका प्रमुख उद्देश्य देहायबमोजिम हुनेछन्–

क) "घ्याङ्स्वारा अर्गानीक चिया" लाई पञ्चकन्या गाउँपालिकाको स्थानीय पहिचानयुक्त ब्रान्ड बनाउने,

ख) स्थानीय चियालाई गुणस्तरीय रूपमा प्रशोधन गरी उपभोक्तामैत्री प्याकेजमा बिक्री गर्ने,

ग) चिया उत्पादनमा संलग्न स्थानीय कृषकको उत्पादनलाई बजार सुनिश्चित गर्ने,

घ) गाउँपालिकाले आवश्यक प्रक्रिया पूरा गरी आफैं चिया बिक्री तथा वितरण गर्न सक्ने व्यवस्था गर्ने,

ङ) स्थानीय उत्पादनको मूल्य अभिवृद्धि गरी गाउँपालिकाभित्रै आर्थिक गतिविधि बढाउने,

च) स्थानीय रोजगारी तथा स्वरोजगारी सिर्जना गर्ने,

छ) महिला, युवा, कृषक समूह, सहकारी तथा उद्यमीलाई चिया मूल्य शृङ्खलामा जोड्ने,

ज) चियालाई पञ्चकन्या गाउँपालिकाको पर्यटन उत्पादनका रूपमा विकास गर्ने,

झ) घ्याङ्स्वारा सहिद स्मारक पर्यटकीय पार्कलाई चिया बिक्री तथा प्रदर्शनको केन्द्रका रूपमा विकास गर्ने,

ञ) चियाको उत्पादन, प्रशोधन, प्याकेजिङ, भण्डारण, बिक्री र वितरणमा पारदर्शिता कायम गर्ने।

**४. परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा–

क) "गाउँपालिका" भन्नाले पञ्चकन्या गाउँपालिका सम्झनुपर्छ।

ख) "घ्याङ्स्वारा अर्गानीक चिया" भन्नाले पञ्चकन्या गाउँपालिकाको क्षेत्रभित्र उत्पादन तथा गाउँपालिकाको स्वीकृत प्रक्रिया बमोजिम प्रशोधन/प्याकेजिङ गरिएको अर्गानीक चिया सम्झनुपर्छ।

ग) "अर्गानीक चिया" भन्नाले परम्परागत/विशेष प्रशोधन विधिबाट तयार गरिने चिया सम्झनुपर्छ।

घ) "कृषक" भन्नाले गाउँपालिकाभित्र चिया खेती गर्ने व्यक्ति, समूह, सहकारी वा संस्था सम्झनुपर्छ।

ङ) "प्रशोधन" भन्नाले चिया पातलाई आवश्यक प्रक्रिया पूरा गरी बिक्रीयोग्य चियामा रूपान्तरण गर्ने कार्य सम्झनुपर्छ।

च) "प्याकेजिङ" भन्नाले प्रशोधित चियालाई खाद्य—ग्रेड प्याकेजिङ सामग्रीमा निर्धारित तौलअनुसार राखी सिलबन्दी गर्ने कार्य सम्झनुपर्छ।

छ) "ब्रान्ड" भन्नाले "घ्याङ्स्वारा अर्गानीक चिया" नाम, लोगो, डिजाइन, रङ, प्याकेज तथा अन्य पहिचानजन्य सामग्री सम्झनुपर्छ।

ज) "बिक्री केन्द्र" भन्नाले गाउँपालिकाले तोकेको चिया बिक्री गर्ने स्थान सम्झनुपर्छ।

झ) "वितरण" भन्नाले गाउँपालिकाले स्वीकृत प्रक्रिया बमोजिम चिया बिक्री केन्द्र, पर्यटकीय स्थल, होटल, होमस्टे, सहकारी, संस्था वा अन्य बजारमा उपलब्ध गराउने कार्य सम्झनुपर्छ।

## परिच्छेद—२

## घ्याङ्स्वारा अर्गानीक चियाको स्वामित्व तथा व्यवस्थापन

५. स्थानीय ब्रान्डको स्थापना

(१) पञ्चकन्या गाउँपालिकाले स्थानीय उत्पादनको पहिचान र प्रवर्द्धनका लागि "घ्याङ्स्वारा अर्गानीक चिया" नामक स्थानीय ब्रान्ड विकास गर्न सक्नेछ।

(२) ब्रान्डको लोगो, प्याकेज डिजाइन, लेबल, रंग संयोजन तथा अन्य पहिचान गाउँपालिकाले स्वीकृत गरेबमोजिम हुनेछ।

(३) गाउँपालिकाको स्वीकृतिबिना उक्त नाम, लोगो तथा ब्रान्डको व्यावसायिक प्रयोग गर्न पाइने छैन।

६. गाउँपालिकाबाट सञ्चालन

(१) गाउँपालिकाले आवश्यक कानुनी तथा प्रशासनिक प्रक्रिया पूरा गरी "घ्याङ्स्वारा अर्गानीक चिया" को—

क) संकलन

ख) प्रशोधन,

ग) प्याकेजिङ,

घ) ब्रान्डिङ,

ङ) भण्डारण,

च) बिक्री,

छ) वितरण,

ज) बजार प्रवर्द्धन

आफैं सञ्चालन गर्न सक्नेछ।

(२) गाउँपालिकाले आवश्यकताअनुसार सहकारी, कृषक समूह, निजी क्षेत्र वा अन्य संस्थासँग सहकार्य गर्न सक्नेछ।

(३) गाउँपालिकाको तर्फबाट सञ्चालन हुने बिक्री कार्यमा जिम्मेवार कर्मचारी/इकाइ/केन्द्र तोकिनेछ।

## परिच्छेद—३
## चिया संकलन तथा कृषकसँग खरिद

७. कृषक दर्ता

गाउँपालिकाले चिया उत्पादन गर्ने कृषकको नाम, वडा, खेती क्षेत्रफल, उत्पादन क्षमता तथा अन्य आवश्यक विवरणसहित कृषक अभिलेख तयार गर्नेछ।

८. चिया खरिद

(१) गाउँपालिकाले स्थानीय कृषकबाट आवश्यक परिमाणमा चिया पात खरिद गर्न सक्नेछ।

(२) खरिद मूल्य निर्धारण गर्दा—

क) चियाको गुणस्तर,

ख) बजार अवस्था,

ग) उत्पादन लागत,

घ) श्रम खर्च,

ङ) स्थानीय बजार मूल्य,

च) प्रशोधन लागत

लाई आधार मानिनेछ।

(३) गाउँपालिकाले प्रत्येक आर्थिक वर्ष वा आवश्यकता अनुसार कृषकबाट खरिद गरिने कच्चा चियाको दर निर्धारण गर्न सक्नेछ।

९. खरिद अभिलेख

कृषकबाट चिया खरिद गर्दा देहायका विवरण राखिनेछ—

क) कृषकको नाम,

ख) वडा नम्बर,

ग) मिति,

घ) खरिद गरिएको परिमाण,

ङ) प्रतिकिलो दर,

च) जम्मा रकम,

छ) भुक्तानी विवरण,

ज) गुणस्तर वर्गीकरण।

## परिच्छेद—४
## प्रशोधन तथा गुणस्तर

१०. प्रशोधन केन्द्र

गाउँपालिकाले आवश्यकताअनुसार चिया प्रशोधनका लागि प्रशोधन केन्द्र स्थापना वा सञ्चालन गर्न सक्नेछ।

११. प्रशोधनको आधारभूत प्रक्रिया

चियाको प्रकारअनुसार आवश्यक प्राविधिक विधि अपनाई—

क) संकलन,

ख) ओइलाउने,

ग) रोलिङ,

घ) अक्सिडेसन,

ङ) सुकाउने,

च) ग्रेडिङ,

छ) छान्ने,

ज) गुणस्तर परीक्षण

जस्ता प्रक्रिया अपनाउन सकिनेछ।

१२. गुणस्तर

(१) बिक्रीका लागि तयार हुने चिया सफा, सुख्खा, सुरक्षित र उपभोगयोग्य हुनुपर्नेछ।

(२) चियामा मानव स्वास्थ्यमा असर पार्ने कुनै अनधिकृत पदार्थ मिसाउन पाइने छैन।

(३) आवश्यकताअनुसार चियाको गुणस्तर परीक्षण मान्यताप्राप्त प्रयोगशालाबाट गराउन सकिनेछ।

(४) गुणस्तरमा समस्या देखिएको चिया बिक्रीका लागि राख्न पाइने छैन।

## परिच्छेद—५
## प्याकेजिङ सम्बन्धी व्यवस्था

१३. प्याकेजिङको उद्देश्य

प्याकेजिङको उद्देश्य—

क) चियालाई चिस्यानबाट जोगाउने,

ख) सुगन्ध तथा स्वाद संरक्षण गर्ने,

ग) धुलो तथा बाह्य प्रदूषणबाट सुरक्षित राख्ने,

घ) उपभोक्तालाई आकर्षक प्रस्तुति दिने,

ङ) स्थानीय ब्रान्डको पहिचान स्थापित गर्ने,

च) ढुवानी तथा भण्डारण सहज बनाउने हुनेछ।

१४. प्याकेजिङ सामग्री

(१) चिया प्याकेजिङमा खाद्य वस्तुका लागि उपयुक्त तथा सुरक्षित सामग्री प्रयोग गरिनेछ।

(२) प्याकेजिङ सामग्रीले चियाको स्वाद, गन्ध तथा गुणस्तरमा प्रतिकूल असर पार्नु हुँदैन।

(३) आवश्यकताअनुसार प्राथमिक र बाह्य प्याकेजिङको व्यवस्था गर्न सकिनेछ।

१५. प्याकेजको तौल

प्रारम्भिक रूपमा देहायका तौलमा प्याकेजिङ गर्न सकिनेछ—

| **प्याकेट** | **तौल** |
|---|---|
| सानो प्याक | २५ ग्राम |
| नियमित प्याक | ५० ग्राम |
| उपभोक्ता प्याक | १०० ग्राम |
| प्रिमियम प्याक | २५० ग्राम |
| पारिवारिक प्याक | ५०० ग्राम |
| संस्थागत प्याक | १ के.जी. |

बजारको मागअनुसार अन्य तौलमा पनि प्याकेज गर्न सकिनेछ।

## परिच्छेद—६
## प्याकेजिङ डिजाइन तथा ब्रान्डिङ

१६. प्याकेजिङ डिजाइन

"घ्याङ्स्वारा अर्गानीक चिया" को प्याकेज डिजाइनमा पञ्चकन्याको प्राकृतिक तथा स्थानीय पहिचान झल्किने गरी डिजाइन तयार गरिनेछ।

१७. डिजाइनमा समावेश गर्नुपर्ने मुख्य विषय

प्याकेटको अगाडिको भागमा- घ्याङ्स्वारा अर्गानीक चिया

"हरेक चुस्कीमा शुद्ध अर्गानीक स्वाद" जस्ता ब्रान्डिङ सामग्री राख्न सकिनेछ।

प्याकेटको डिजाइनमा—

क) घ्याङ्स्वारा क्षेत्रको पहिचान,

ख) चियाको पात,

ग) पहाड/हिमाली दृश्य,

घ) स्थानीय प्राकृतिक सौन्दर्य,
ङ) गाउँपालिकाको स्वीकृत लोगो,
च) "Local Product of Panchakanya" जस्ता पहिचान
समावेश गर्न सकिनेछ।

१८. रंग तथा डिजाइन
प्याकेजिङमा प्राकृतिक तथा चियासँग सम्बन्धित रङ संयोजन प्रयोग गरिनेछ।
मुख्य रूपमा—
* हरियो/गाढा हरियो — चियाको पहिचान
* सेतो/क्रीम — स्वच्छता र प्रिमियम प्रस्तुति
* खैरो/माटो रङ — स्थानीयता र प्राकृतिक पहिचान प्रयोग गर्न सकिनेछ।

१९. प्याकेटको पछाडिको विवरण
प्याकेटको पछाडिको भागमा—
घ्याङ्स्वारा अर्गानीक चियाको परिचय
"पञ्चकन्या गाउँपालिकाको स्थानीय भूगोल, हावापानी तथा कृषकको श्रमबाट उत्पादित चियालाई आवश्यक प्रशोधन तथा प्याकेजिङ गरी तयार गरिएको स्थानीय उत्पादन।"

त्यसपछि—
उत्पादन/प्याक गर्ने निकायः पञ्चकन्या गाउँपालिका
ठेगानाः लाकुरीभञ्ज्याङ, नुवाकोट, बागमती प्रदेश
उत्पादन मितिः __
उपभोग्य मितिः __
ब्याच नं.: __
खुद तौलः __
अधिकतम खुद्रा मूल्यः रु. __
भण्डारणः सुख्खा तथा चिस्यानरहित स्थानमा राख्नुहोस्।
सम्पर्कः __
QR Code: __
राखिनेछ।
प्याकेज गरिएको खाद्य पदार्थको लेबलमा आवश्यक विवरण राख्नुपर्ने भएकाले अन्तिम डिजाइन सम्बन्धित खाद्यसम्बन्धी प्रचलित मापदण्डअनुसार स्वीकृत गरिनेछ। (Food Technology Department)

## परिच्छेद—७
## मूल्य निर्धारण

२०. मूल्य निर्धारणको आधार

गाउँपालिकाले चियाको मूल्य निर्धारण गर्दा—

क) कृषक/ पालिका बाट खरिद लागत,

ख) प्रशोधन खर्च,

ग) श्रम खर्च,

घ) प्याकेजिङ सामग्री,

ङ) लेबल तथा प्रिन्टिङ,

च) भण्डारण,

छ) ढुवानी,

ज) गुणस्तर परीक्षण,

झ) प्रशासनिक खर्च,

ञ) बजार प्रवर्द्धन खर्च,

ट) उचित सञ्चालन मार्जिन

लाई आधार मान्नेछ।

२१. प्रारम्भिक प्रस्तावित मूल्य

“घ्याङ्स्वारा अर्गानीक चिया” को प्रारम्भिक खुद्रा मूल्य निम्नानुसार प्रस्ताव गरिन्छ—

| प्याकेट | प्रस्तावित खुद्रा मूल्य |
|---|---|
| २५ ग्राम | रु. १५० |
| ५० ग्राम | रु. ३०० |
| १०० ग्राम | रु. ६०० |
| २५० ग्राम | रु. १,५०० |
| ५०० ग्राम | रु. ३,००० |
| १ के.जी. | रु. ६,००० |

२२. मूल्य पुनरावलोकन

(१) माथिको मूल्य प्रारम्भिक प्रस्तावित दर हुनेछ।

(२) कच्चा चियाको लागत, उत्पादन खर्च, बजार मूल्य, प्याकेजिङ खर्च तथा गुणस्तरका आधारमा गाउँपालिकाले मूल्य पुनरावलोकन गर्न सक्नेछ।

(३) मूल्य संशोधन गर्दा सम्बन्धित समितिको सिफारिस तथा गाउँपालिकाको स्वीकृति लिनुपर्नेछ।

## परिच्छेद–८
## गाउँपालिकाबाट बिक्री तथा वितरण

२३. गाउँपालिकाको प्रत्यक्ष बिक्री

पञ्चकन्या गाउँपालिकाले आफ्नै स्वामित्व/व्यवस्थापनमा “घ्याङ्स्वारा अर्गानीक चिया” को प्रत्यक्ष बिक्री गर्न सक्नेछ।

२४. बिक्रीका प्राथमिक स्थान

प्रारम्भिक रूपमा देहायका स्थानमा बिक्री गर्न सकिनेछ–

१. पञ्चकन्या गाउँपालिकाको कार्यालय,

२. घ्याङ्स्वारा सहिद स्मारक पर्यटकीय पार्क,

३. गाउँपालिकाले स्थापना गरेको बिक्री केन्द्र,

४. पर्यटक सूचना केन्द्र,

५. स्थानीय मेला तथा प्रदर्शनी,

६. होटल तथा होमस्टे,

७. स्थानीय बजार,

८. कृषि तथा पर्यटनसम्बन्धी कार्यक्रम,

९. अन्य स्वीकृत स्थान।

२५. पर्यटकीय बिक्री केन्द्र

घ्याङ्स्वारा सहिद स्मारक पर्यटकीय पार्कमा “घ्याङ्स्वारा चिया बिक्री तथा अनुभव केन्द्र” स्थापना गर्न सकिनेछ।

यस केन्द्रमा–

क) प्याकेट चिया बिक्री,

ख) चिया पिउने सुविधा,

ग) चिया उत्पादनको जानकारी,

घ) चिया खेती अवलोकन,

ङ) चिया प्रशोधन प्रदर्शन,

च) स्थानीय उत्पादनको बिक्री

जस्ता गतिविधि सञ्चालन गर्न सकिनेछ।

## परिच्छेद—९
## बिक्री प्रक्रिया

२६. प्रत्यक्ष बिक्री
गाउँपालिकाले तोकेको कर्मचारी/बिक्री प्रतिनिधिले चिया बिक्री गर्नेछ।
२७. बिक्री गर्दा
प्रत्येक बिक्रीमा—
क) बिक्री भएको तौल,
ख) संख्या,
ग) बिक्री मूल्य,
घ) जम्मा रकम
को अभिलेख राखिनेछ।
२८. बिल/रसिद
गाउँपालिकाले प्रचलित आर्थिक कानूनअनुसार चिया बिक्री गर्दा आवश्यक बिल/रसिद जारी गर्नेछ।
२९. डिजिटल भुक्तानी
उपभोक्ताको सुविधा तथा पारदर्शिताका लागि बैंक, QR वा अन्य स्वीकृत डिजिटल भुक्तानी प्रणाली प्रयोग गर्न सकिनेछ।

## परिच्छेद—१०
## बिक्री तथा वितरण केन्द्र

३०. बिक्री केन्द्र तोक्ने
गाउँपालिकाले आवश्यकताअनुसार गाउँपालिका क्षेत्रभित्र तथा बाहिर बिक्री केन्द्र तोक्न सक्नेछ।

३१. बिक्री केन्द्रको दायित्व
बिक्री केन्द्रले—
क) स्वीकृत मूल्यमा बिक्री गर्ने,
ख) चिया सुरक्षित रूपमा भण्डारण गर्ने,
ग) बिक्री अभिलेख राख्ने,
घ) दैनिक/मासिक बिक्री विवरण पेश गर्ने,
ङ) उपभोक्ताको गुनासो गाउँपालिकामा जानकारी गराउनेछ।

## परिच्छेद–११

## वितरक तथा साझेदारी

३२. वितरक नियुक्ति

गाउँपालिकाले आवश्यकता अनुसार होटल, होमस्टे, सहकारी, स्थानीय व्यवसायी वा अन्य संस्थालाई आधिकारिक बिक्री साझेदार/वितरक बनाउन सक्नेछ।

३३. सम्झौता

वितरकसँग लिखित सम्झौता गरी–

क) खरिद मूल्य,

ख) बिक्री मूल्य,

ग) भुक्तानी प्रक्रिया,

घ) मौज्दात,

ङ) क्षति/फिर्ता,

च) ब्रान्ड प्रयोग,

छ) गुणस्तर

सम्बन्धी व्यवस्था गर्न सकिनेछ।

## परिच्छेद–१२

## भण्डारण

३४. भण्डारणको व्यवस्था

चिया–

क) सुख्खा,

ख) चिस्यानरहित,

ग) सफा,

घ) गन्धरहित,

ङ) प्रत्यक्ष घामबाट सुरक्षित

स्थानमा राख्नुपर्नेछ।

३५. स्टक व्यवस्थापन

पुरानो स्टक पहिले बिक्री गर्ने FIFO (First In, First Out) प्रणाली अपनाइनेछ।

## परिच्छेद–१३
## स्टक, बिक्री तथा आर्थिक अभिलेख

३६. स्टक रजिस्टर

गाउँपालिकाले छुट्टै–

१. कच्चा चिया खरिद रजिस्टर,

२. प्रशोधन रजिस्टर,

३. प्याकेजिङ रजिस्टर,

४. स्टक रजिस्टर,

५. बिक्री रजिस्टर,

६. नगद/बैंक/डिजिटल भुक्तानी रजिस्टर

राख्न सक्नेछ।

३७. ब्याच व्यवस्थापन

प्रत्येक उत्पादन समूहलाई छुट्टै ब्याच नम्बर दिइनेछ।

यसबाट चियाको उत्पादन, प्याकेजिङ र बिक्रीको ट्रेसिङ गर्न सकिनेछ।

## परिच्छेद–१४
## आर्थिक व्यवस्थापन

३८. बिक्रीबाट प्राप्त रकम

गाउँपालिकाले बिक्रीबाट प्राप्त रकम प्रचलित स्थानीय तहको आर्थिक कानून, आर्थिक प्रशासनसम्बन्धी व्यवस्था तथा गाउँपालिकाको स्वीकृत प्रणालीअनुसार दाखिला तथा व्यवस्थापन गर्नेछ।

३९. आम्दानीको प्रयोग

चिया बिक्रीबाट प्राप्त रकमलाई प्रचलित कानून तथा स्वीकृत बजेट/कार्यक्रमअनुसार–

क) चिया उत्पादन तथा विस्तार,

ख) कृषक प्रोत्साहन,

ग) प्रशोधन,

घ) प्याकेजिङ,

ङ) बजार प्रवर्द्धन,

च) गुणस्तर परीक्षण,

छ) पर्यटन प्रवर्द्धन,

ज) रोजगारी सिर्जना,

झ) पुनः लगानी

जस्ता कार्यमा परिचालन गर्न सकिनेछ।

४०. लागत तथा आम्दानीको छुट्टै लेखा

"घ्याङ्स्वारा अर्गानीक चिया" को उत्पादन, बिक्री तथा वितरणको लागत र आम्दानीको छुट्टै अभिलेख राखी वार्षिक रूपमा नाफा/घाटा तथा लागत—लाभ विश्लेषण गरिनेछ।

## परिच्छेद—१५
## गुणस्तर नियन्त्रण

४१. गुणस्तर परीक्षण

गाउँपालिकाले आवश्यकता अनुसार—

क) चियाको स्वाद,

ख) सुगन्ध,

ग) रंग,

घ) चिस्यान,

ङ) बाह्य पदार्थ,

च) अन्य आवश्यक गुणस्तर

जाँच गर्न सक्नेछ।

४२. प्रयोगशाला परीक्षण

आवश्यकताअनुसार मान्यताप्राप्त प्रयोगशालाबाट परीक्षण गराउन सकिनेछ।

४३. गुणस्तरहीन चिया

गुणस्तरहीन, दूषित, ढुसी लागेको, अस्वाभाविक गन्ध/स्वाद भएको वा उपभोगका लागि अनुपयुक्त चिया बिक्री गरिने छैन।

## परिच्छेद—१६
## ब्रान्ड संरक्षण

४४. ब्रान्ड प्रयोग

"घ्याङ्स्वारा अर्गानीक चिया" नाम र लोगो गाउँपालिकाको स्वीकृत उत्पादनमा मात्र प्रयोग गरिनेछ।

४५. नक्कली उत्पादन

गाउँपालिकाको अनुमति बिना "घ्याङ्स्वारा अर्गानीक चिया" नाम, लोगो वा प्याकेजको नक्कल गरी उत्पादन/बिक्री गर्ने कार्य भएमा प्रचलित कानूनबमोजिम सम्बन्धित निकायमा कारबाहीका लागि पठाउन सकिनेछ।

## परिच्छेद—१७
## राष्ट्रिय चिया ट्रेडमार्क तथा गुणस्तर

४६. राष्ट्रिय ट्रेडमार्क प्रयोग

"घ्याङ्स्वारा अर्गानीक चिया" को आफ्नै स्थानीय ब्रान्ड कायम गरिनेछ।

राष्ट्रिय चिया तथा कफी विकास बोर्डको "Nepal Tea Quality from the Himalayas" लगायत कुनै प्रमाणिकरण ट्रेडमार्क प्रयोग गर्न आवश्यक परेमा सम्बन्धित बोर्डको प्रचलित मापदण्ड तथा अनुमति प्रक्रिया पूरा गर्नुपर्नेछ। त्यस्तो ट्रेडमार्क स्वतः प्रयोग गर्न पाइने छैन। (teacoffee.gov.np) अर्गानीक चियाको गुणस्तर र ब्रान्डिङमा राष्ट्रिय चिया तथा कफी विकास बोर्डले प्राविधिक तथा बजार प्रवर्द्धनसम्बन्धी भूमिका निर्वाह गर्ने भएकाले आवश्यक प्राविधिक समन्वय गरिनेछ। (teacoffee.gov.np)

## परिच्छेद—१८
## बजार प्रवर्द्धन

४७. प्रचारप्रसार

घ्याङ्स्वारा चियाको प्रचारका लागि—

क) फेसबुक,

ख) युट्युब,

ग) टिकटक,

घ) गाउँपालिकाको वेबसाइट,

ङ) सूचना बोर्ड,

च) स्थानीय तथा राष्ट्रिय सञ्चारमाध्यम,

छ) कृषि मेला,

ज) पर्यटन मेला,

झ) चिया प्रदर्शनी र आवश्यक अन्य सबै माध्ययम

प्रयोग गर्न सकिनेछ।

४८. पर्यटक लक्षित प्याकेज

पर्यटकका लागि विशेष "Gift Pack" विकास गर्न सकिनेछ।

जस्तै—

Ghyangswara Orthodox Tea – Panchakanya, Nuwakot

५० ग्राम/१०० ग्राम/२५० ग्रामको आकर्षक उपहार प्याकेज तयार गर्न सकिनेछ।

४९. स्थानीय उत्पादनको उपहार

गाउँपालिकाका औपचारिक कार्यक्रम, अतिथि सत्कार, भ्रमण तथा पर्यटन प्रवर्द्धनका कार्यक्रममा घ्याङ्स्वारा चियालाई स्थानीय उपहार/स्मरणिकाका रूपमा प्रयोग गर्न सकिनेछ, तर त्यससम्बन्धी खर्च प्रचलित कानून र स्वीकृत बजेटअनुसार हुनुपर्नेछ।

## परिच्छेद—१९
## अनलाइन तथा डिजिटल बिक्री

५०. डिजिटल बिक्री

गाउँपालिकाले कानुनी तथा प्रशासनिक प्रक्रिया पूरा गरी घ्याङ्स्वारा चियाको अनलाइन बिक्री व्यवस्था गर्न सक्नेछ।

५१. QR Code

प्याकेटमा QR Code राखी—

क) उत्पादन क्षेत्र,

ख) चिया उत्पादन प्रक्रिया,

ग) गाउँपालिकाको परिचय,

घ) कृषकको कथा,

ङ) उत्पादनको गुणस्तर,

च) सम्पर्क,

छ) सामाजिक सञ्जाल

सम्बन्धी जानकारी उपलब्ध गराउन सकिनेछ।

## परिच्छेद—२०
## उपभोक्ता गुनासो तथा फिर्ता

५२. गुनासो

उपभोक्ताले चियाको—

क) तौल,

ख) मूल्य,

ग) प्याकेज,

घ) गुणस्तर,

ङ) मिति,

च) बिक्री सेवा

सम्बन्धमा गुनासो गर्न सक्नेछन्।

५३. फिर्ता/प्रतिस्थापन

गाउँपालिकाको कारणबाट प्याकेट बिग्रिएको वा निर्धारित गुणस्तर नपुगेको प्रमाणित भएमा प्रचलित व्यवस्था तथा गाउँपालिकाको निर्णयअनुसार प्रतिस्थापन/फिर्ता प्रक्रिया अपनाउन सकिनेछ।

## परिच्छेद—२१
## अनुगमन तथा निरीक्षण

५४. अनुगमन

गाउँपालिकाले नियमित रूपमा—

क) उत्पादन,

ख) प्रशोधन,

ग) प्याकेजिङ,

घ) स्टक,

ङ) बिक्री,

च) मूल्य,

छ) गुणस्तर,

ज) आम्दानी

को अनुगमन गर्नेछ।

५५. अनुगमन समिति

गाउँपालिकाले आवश्यकता अनुसार प्रमुख प्रशासकीय अधिकृत वा तोकिएको अधिकारीको संयोजकत्वमा कृषि, आर्थिक प्रशासन, रोजगार/उद्यमशीलता तथा सम्बन्धित शाखाका प्रतिनिधि सम्मिलित अनुगमन टोली गठन गर्न सक्नेछ।

## परिच्छेद—२२
## व्यवस्थापन समिति

५६. घ्याङ्स्वारा चिया व्यवस्थापन समिति

गाउँपालिकाले आवश्यकता अनुसार देहायबमोजिम समिति गठन गर्न सक्नेछ—

१. गाउँपालिका अध्यक्ष — संयोजक

२. गाउँपालिका उपाध्यक्ष — सदस्य

३. प्रमुख प्रशासकीय अधिकृत — सदस्य

४. आर्थिक प्रशासन शाखा प्रमुख/प्रतिनिधि — सदस्य

५. रोजगार/उद्यमशीलता शाखा प्रतिनिधि — सदस्य
६. सबै वडाका अध्यक्ष — सदस्य
७. चिया प्राविधिक/विज्ञ — आमन्त्रित सदस्य
८. सम्बन्धित शाखाको कर्मचारी — सदस्य सचिव

५७. समितिको काम

समितिले—

क) उत्पादन योजना बनाउने,
ख) कृषकबाट चिया खरिदको सिफारिस गर्ने,
ग) मूल्य निर्धारणको सिफारिस गर्ने,
घ) प्याकेजिङ तथा ब्रान्डिङ स्वीकृतिका लागि प्रस्ताव गर्ने,
ङ) बिक्री केन्द्र व्यवस्थापन गर्ने,
च) बजार प्रवर्द्धन गर्ने,
छ) गुणस्तर सुधार गर्ने,
ज) बिक्री तथा आम्दानी समीक्षा गर्ने,
झ) वार्षिक प्रतिवेदन तयार गर्नेछ।

## परिच्छेद—२३
## कर्मचारी तथा जिम्मेवारी

५८. जिम्मेवार कर्मचारी

गाउँपालिकाले चिया बिक्री तथा व्यवस्थापनका लागि कर्मचारी/सम्बन्धित शाखालाई जिम्मेवारी तोक्नेछ।

५९. बिक्री कर्मचारीको जिम्मेवारी

बिक्री कर्मचारीले—

क) स्टक बुझ्ने,
ख) बिक्री गर्ने,
ग) बिल/रसिद दिने,
घ) रकम दाखिला गर्ने,
ङ) दैनिक बिक्री विवरण तयार गर्ने,
च) स्टक मिलान गर्ने,
छ) मासिक प्रतिवेदन पेश गर्नेछ।

## परिच्छेद–२४
## क्षमता विकास

६०. तालिम

गाउँपालिकाले कृषक तथा कर्मचारीलाई–

क) अर्गानीक चिया उत्पादन,

ख) चिया टिपाइ,

ग) प्रशोधन,

घ) ग्रेडिङ,

ङ) प्याकेजिङ,

च) खाद्य स्वच्छता,

छ) ब्रान्डिङ,

ज) बिक्री तथा मार्केटिङ,

झ) डिजिटल मार्केटिङ

सम्बन्धी तालिम दिन सक्नेछ।

## परिच्छेद–२५
## साझेदारी तथा बजार विस्तार

६१. निजी क्षेत्रसँग सहकार्य

गाउँपालिकाले आवश्यकता अनुसार निजी क्षेत्र, सहकारी, होटल, होमस्टे, पर्यटन व्यवसायी तथा अन्य संस्थासँग सम्झौता गरी बजार विस्तार गर्न सक्नेछ।

६२. संस्थागत बिक्री

सरकारी/गैरसरकारी संस्था, होटल, होमस्टे, सहकारी तथा अन्य संस्थालाई संस्थागत प्याकेजमा बिक्री गर्न सकिनेछ।

६३. बाह्य बजार

घ्याङ्स्वारा चियालाई क्रमशः–

क) नुवाकोट,

ख) काठमाडौं,

ग) बागमती प्रदेश,

घ) नेपालका प्रमुख शहर,

ङ) सम्भावित अन्तर्राष्ट्रिय बजार

सम्म विस्तार गर्न आवश्यक पहल गरिनेछ।

## परिच्छेद—२६

## प्रतिवेदन तथा मूल्यांकन

६४. मासिक प्रतिवेदन

चिया बिक्री गर्ने इकाइले प्रत्येक महिनाको—

क) कुल बिक्री,

ख) बिक्री संख्या,

ग) कुल आम्दानी,

घ) बाँकी स्टक,

ङ) खर्च,

च) गुनासो

सम्बन्धी विवरण तयार गर्नेछ।

६५. वार्षिक समीक्षा

प्रत्येक आर्थिक वर्षको अन्त्यमा उत्पादन, बिक्री, आम्दानी, खर्च, कृषक सहभागिता, रोजगारी, बजार विस्तार तथा प्रभावको समीक्षा गरिनेछ।

## परिच्छेद—२७

## विविध

६६. प्रचलित कानून पालना

यस कार्यविधिको कार्यान्वयन गर्दा संघीय, प्रदेश तथा स्थानीय तहका प्रचलित कानून, खाद्य सुरक्षा, गुणस्तर, आर्थिक प्रशासन, खरिद, राजस्व तथा अन्य सम्बन्धित कानूनी व्यवस्थाको पालना गर्नुपर्नेछ।

६७. कार्यविधि संशोधन

गाउँ कार्यपालिकाले आवश्यकता तथा अनुभवका आधारमा यस कार्यविधिमा संशोधन वा परिमार्जन गर्न सक्नेछ।

६८. बाधा अड्काउ फुकाउने

यस कार्यविधिको कार्यान्वयनमा समस्या आएमा प्रचलित कानूनको अधीनमा रही गाउँ कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ।

## अनुसूची—१

## घ्याङ्स्वारा अर्गानीक चिया उत्पादन अभिलेख

| क्र.सं. | कृषकको नाम | वडा | क्षेत्रफल | मिति | कच्चा चिया मात्रा | गुणस्तर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |

## अनुसूची—२

कृषकबाट चिया खरिद अभिलेख

| मिति | कृषक परिणाम( के.जी) | प्रति के.जी दर | जम्मा रकम भुक्तानी | हस्ताक्षर |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

## अनुसूची—३

## प्रशोधन तथा ब्याच अभिलेख

| ब्याच नं. | कच्चा चिया प्रशोधन मिति | तयार चिया ग्रेड | प्याकेजिङ मिति | कैफियत |
|---|---|---|---|---|
| | | | | |

## अनुसूची—४
## प्याकेजिङ स्टक अभिलेख

| ब्याच नं | तौल | उत्पादन प्याकेट संख्या | विक्री बाँकी |
|---|---|---|---|
| | | | |

## अनुसूची—५
## बिक्री अभिलेख


| मिति | प्याकेट तौल | संख्या | दर | जम्मा भुक्तानी | माध्यम |
|---|---|---|---|---|---|
| | | | | | |

## अनुसूची—६
## प्रस्तावित खुद्रा बिक्री मूल्य

| प्याकेट | प्रस्तावित खुद्रा मूल्य |
|---|---|
| २५ ग्राम | रु. १५० |
| ५० ग्राम | रु. ३०० |
| १०० ग्राम | रु. ६०० |
| २५० ग्राम | रु. १,५०० |
| ५०० ग्राम | रु. ३,००० |
| १ के.जी. | रु. ६,००० |

नोटः यी प्रारम्भिक प्रस्तावित दर हुन्। वास्तविक मूल्य निर्धारण गर्दा गाउँपालिकाले कच्चा पदार्थ, प्रशोधन, प्याकेजिङ, ढुवानी, श्रम, गुणस्तर परीक्षण तथा अन्य वास्तविक लागतको अध्ययन गरी स्वीकृत दर कायम गर्नेछ।

## अनुसूची—७
## प्याकेटको प्रस्तावित डिजाईन



पछाडिको भाग

घ्याङ्स्वारा अर्गानीक चिया बारे

पञ्चकन्या गाउँपालिकाको स्थानीय कृषि, प्राकृतिक वातावरण र कृषकको श्रमबाट उत्पादित चियालाई आवश्यक प्रशोधन तथा प्याकेजिङ गरी तयार गरिएको स्थानीय उत्पादन।

उत्पादक/प्याक गर्ने निकायः

पञ्चकन्या गाउँपालिका

ठेगानाः लाकुरीभञ्ज्याङ, नुवाकोट, बागमती प्रदेश

ब्याच नं.: _____

उत्पादन मितिः _____

उपभोग्य मितिः _____

खुद तौलः _____

अधिकतम खुद्रा मूल्यः रु. _____

भण्डारणः चिस्यानरहित तथा सुख्खा स्थानमा राख्नुहोस्।

सम्पर्क नं.: _____

QR Code: _____

## अनुसूची–८

## बिक्री केन्द्रको दैनिक नगद तथा स्टक मिलान फाराम

आजको प्रारम्भिक स्टकः _____

आज थप भएको स्टकः _____

आज बिक्री भएकोः _____

बाँकी स्टकः _____

कुल बिक्री रकमः रु. _____

बैंक/QR दाखिलाः रु. _____

नगद दाखिलाः रु. _____

बिक्री कर्मचारीको नामः _____

हस्ताक्षरः _____

मितिः _____

**अनुसूची—९**

**घ्याङ्स्वारा अर्गानीक चिया ब्रान्डको मूल सन्देश**

मुख्य ब्रान्ड नामः घ्याङ्स्वारा अर्गानीक चिया
अंग्रेजीः GHYANGSWARA ORTHODOX TEA

ब्रान्ड ट्यागलाइनः
“पञ्चकन्याको पहाडबाट तपाईंको कपसम्म”
वैकल्पिक प्रचार वाक्यः
“स्थानीय माटो, स्थानीय श्रम, पञ्चकन्याको आफ्नै चिया।”
“घ्याङ्स्वारा चिया‘पञ्चकन्याको पहिचान।”

**आज्ञाले**
**हिराधन राई**
**प्रमुख प्रशासकीय अधिकृत**